**गाउँसभाका उपाध्यक्ष,**
**सम्पुर्ण गाउँसभाका सदस्यहरु,**
**सभाका सचिव तथा सबै कर्मचारीहरु,**
**संञ्चारकर्मि तथा पत्रकारहरु**
**अन्य उपस्थित महानुभावहरु**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था एवं लोकतन्त्रको आधारभुत मूल्य मान्यताको माध्यमबाट दिगो विकाश, सुशासन, समृद्धि र स्वच्छ वातावरण अनुकुल गाउँपालिका स्थापनार्थ विभिन्न विषय संग सम्बन्धित सरोकारवाला तथा गाउँपालिका बासिको अमुल्य सुझावहरुलाई समेत समेटेर तयार पारियको यस गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को वार्षिक निति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा म अत्यान्त हर्षित भएको छु ।

राष्ट्रिय एकता, भौगोलिक अखण्डता, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली नागरीकले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष त्याग र बलिदानमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने अग्रज शहिदहरु तथा वेपत्ता र पिडित नागरिकहरुलाई उच्च सम्मान गर्न चाहन्छु ।

यस निति तथा कार्यक्रम तर्जुमा गर्दा अन्तर्राष्ट्रिय कानुन, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्य, नेपालको संविधान, संविधानको निर्देशक सिद्धान्त एवं नितिहरु, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नितिहरु, वार्षिक बजेट, प्रदेश स्तरीय नीति एवं कानुन, नागारिकका मौलिक हक, हामीले जनतामाझ गरेको प्रतिवद्धता एवं चुनावी घोषणपत्र, नागरिकका अपेक्षा एवं मागहरुलाई आधार लिईएको छ ।

स्थानीय सरकार संञ्चालन ऐन, अन्तर सरकारि वित्त व्यावस्थापन ऐन, नेपाल सरकार र प्रदेश सरकाबाट प्राप्त हुने सशर्त, समपुरक, विशेष अनुदान, राजश्व बाँडफाँट र यस गाउँपालिकाको आन्तरिक आय समेतलाई मध्यनजर गर्दै निति तथा कार्यक्रम तयार गरिएको छ ।

सुरक्षित, सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समग्र गाउँपालिकावासीको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका राजनैतीक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रतिवद्धताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत सुरक्षित, सुन्दर र समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिने छ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुचना प्रविधि मैत्रि पालिका निर्माण गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने, सुशासनलाई प्राथमिकता दिने, सुरक्षित गाउँपालिकाको मर्मलाई नागरिक तहमा अनुभूती गराउने, जनतालाई स्थानिय सरकारको प्रत्याभुति दिलाउने, प्राकृतिक स्रोत साधनको दिगो प्रयोगमा जोड, हरित पालिका निर्माण गर्ने र योजनावद्ध ग्रामीण वस्ति विकासलाई प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

गुठिचौर गाउँपालिका जुम्ला

## १. शिक्षा

१.१ **विद्यार्थि संग अध्यक्ष कार्यक्रम** संञ्चालन गरिने छ। जस्ताको छानो रहित विद्यालय संरचना निर्माण गरिने छ।विद्यालय **कलर कोड** अनुसार सबै विद्यालयलको रङ रोगन गरिने छ।

१.२ सबै विद्यालयलाई सुचना प्रविधि मैत्रि वनाई शिक्षाको गुणस्तर सुधार गरि **वालवालिकामा लगानिले, ल्याउछ सुनौलो विहानि, एक वर्षको प्रतिफल चाहिएमा कृषिमा लागानि १० वर्षको प्रतिफल चाहिएमा रुखमा रोपौ १०० वर्षको प्रतिफल चाहिएमा शिक्षामा लगानि गरौ भन्ने** मुल ध्ययेका साथ शिक्षामा लगानि गरिने छ।

१.३ गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षामा दिन जोड दिइनेछ।

१.४ जिवनपयोगि, व्यावसायिक एवं प्रविधियुक्त पुर्वाधार सहित नैतिक तथा मनोवैज्ञानिक शिक्षामा जोड दिई विद्यालयको समग्र शैक्षीक गुणस्तर सुधार गरिने छ।

१.५ गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरुको गुणस्तर सुधार गरी समयानुकुल बनाउन **शिक्षाविद् तथा संस्कृतिविद् सम्मिलित एकिकृत शिक्षा व्यावस्थापन योजना तर्जुमा समिति** गठन गरी शिक्षा योजना तर्जुमा गरिनेछ।

१.६ सबै समुदायिक विद्यालयहरुमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना तथा स्तरोन्नति गरिनेछ। विद्यालयहरु विच वार्षिक रुपमा **आविस्कार मेला, पढाई मेला** प्रर्दशनि आयोजना गरी विद्यार्थीहरुको सृजनशिलतालाई प्रोत्साहन गरिने छ।

१.७ शिक्षाको गुणस्तर सुधारको लागि विद्यालयमा शिक्षण शिकाई क्रियाकलापलाई आधुनिक प्रविधियुक्त बनाईनेछ ।यसका लागि विद्यालयमा सुचना तथा संञ्चार प्रविधिका समाग्रिहरु वितरण गरिनेछ। शिक्षकहरुलाई प्रत्यक्ष तथा अप्रत्यक्ष विधिबाट तालिम दिईने छ। सिकाईमा सहजता प्रदान गर्न शैक्षीक सामाग्रि वितरण गरिनुका सथै समुदायिक विद्यालयलाई नमुना विद्यालय बनाईने छ।

१.८ सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई श्रमसँग जोड्नको लागि **"पढ्दै, कमाउँदै, रमाउँदै"** परियोजना गुठिचौर गाउँपालिका वडा नं ३ स्थित श्री शंकर बुहउद्देश्यी माध्यमिक विद्यालय गर्ज्याङ्गकोटमा निरन्तरता दिईनेछ।

१.९ गाउँपालिका भित्रका **सामुदायिक विद्यालयहरुमा अथिति कक्षा (Guest Class) संञ्चालन** गरिनेछ

१.१० हिमाली रम्बा आधारभूत विद्यालयमा सञ्चालित आवासीय विद्यालय सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै पढ्दै कमाउँदै रमाउँदै कार्यक्र लागु गरी त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१.११ गाउँपालिका भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक सुधार गर्नका लागि उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत र जिम्मेवारी वहन नगर्ने शिक्षकहरुलाई दण्डीत गर्ने नीति अवलम्बन गरिनेछ।

१.१२ सामुदायिक विद्यालयमा प्रयोग हुँदै आएको दिवाखाजा कार्यक्रममा विद्यार्थीहरुलाई खुवाइने खाजामा स्थानीय उत्पादनलाई मात्र प्रयोग गर्नु पर्ने नीति अवलम्बन गरिनेछ।

१.१३ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई **श्रम ऐनले** तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१.१४ गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा जनशक्ति व्यवस्थापनका लागि गाउँपालिकाले सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराउनेछ।

१.१५ सामुदायिक विद्यालयका विद्यार्थीहरुको पढाइलाई प्रभावकारी बनाउनका लागि प्रत्येक विद्यालयमा पुस्तकालय स्थापना गरिने छ। पुस्तकालय स्थापना भएका विद्यालयमा पुस्तकालयको सुधार गरिने छ।

१.१६ गुठिचौर गाउँपालिका भित्रको एक मात्र प्राविधिक धारको सामुदायिक आइ. एस्. सि. एजि. सञ्चालित विद्यालय श्री त्रिभुवन माध्यमिक विद्यालय झारज्वालाको गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था गरिनेछ।

१.१७ सार्वजनिक विद्यालयलाई प्रविधिमैत्री बनाउदै शैक्षिक गुणस्तर गर्न सस्तो सहज र भरपर्दो ईन्टरनेटको व्यवस्थापन गरिनेछ।

१.१८ **सम्पुर्ण विद्यालयलाई प्रविधिमैत्री एवं बालमैत्री बनाईने छ।** यसका लागि तीन तहको सरकारहरुबीच समन्वय गरी समुदायको सहकार्यमा विद्यालयलाई पुर्वधार र स्रोत साधनले सम्पन्न तुल्याउने कार्यलाई निरन्तरता दिईने छ।

१.१९ गुठिचौर गाउँपालिका वडा नं ४ स्थित दशौंदी मा. वि. मा सञ्चालित डिजिटल विद्यालयलाई निरन्तरता दिइनेछ। जसका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

१.२० सामुदायिक विद्यालयको **शौक्षीक क्यालेण्डर** निर्माण गरी कार्यान्वयन गर्ने, शिक्षक दरबन्दि सोही अनुसार मिलान गर्ने कार्यलाई निरन्तरता दिईने छ। गाउँपालिकाबाट विद्यालय अनुगमन र सुपरीवेक्षणको कामलाई नियमित, व्यावस्थित र प्रभावकारी बनाईनेछ।

१.२१ **"उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१.२२ विद्यार्थीहरुको सर्वाङगिण विकासका लागि अन्तर विद्यालय **गाउँपालिका रनिङ सिल्ड** प्रतियोगिता संञ्चालन गरिनेछ।

१.२३ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान गरि आन्तरिक काज सरुवा गरिने छ।

१.२४ सामुदायिक विद्यालयहरुमा ड्रेसकोट लागु गरिने छ।

## २. संस्कृति संरक्षण

२.१ पुरातात्विक महत्वका साथै सामाजिक तथा सांस्कृतिक अवस्थालाई चित्रण गर्नका लागि त्यस्ता वस्तुहरु संकलन गरी गाउँपालिकाको चिनारीको लागि कुनै **ठाउँमा पर्दशनका लागि राखिनेछ।** गाउपालिकाबाट प्रदान गरिने पुरस्कार र सम्मानमा गाउँपालिकाको **चिनारी झल्किने ठाउँ तथा वस्तुको प्रयोग** गरिनेछ।

२.२ गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेषभुषा ,कला साहित्य , संगित लगायतको झाँक्री सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

२.३ भोटे जनजातीले सञ्चालन गर्दै आइरहेको भोटेमेलालाई निरन्तरता दिइनेछ। सोको लागि आवश्यक व्यवस्था गरिनेछ।

२.४ विपन्न नागरिक काजक्रिया खर्चलाई निरन्तरता दिइने छ।

## ३. स्वस्थ्य

३.१ **समुदाय संग अध्यक्ष स्वास्थ्य कार्यक्रम संञ्चालन गरि** गाउँपालिकाका ५ वटै वडाहरुमा स्वास्थ्य सिविर संञ्चालन गरिने छ सथै ६० वर्ष माथिका जनतालाई घर घरमा गई स्वास्थ्य जाँच गर्न **घर घरमा स्वास्थ्य कर्मि अभियान** संञ्चालन गरिनेछ।

३.२ मानव स्वास्थ्यमा गरेको खर्चलाई भविश्यमा लगानिको रुपमा प्रतिफल दिनेगरी गाउँपालिका क्षेत्र भित्रका २ बर्ष सम्मका बालबालिकाहरुमा पोषण स्वास्थ्य सूचकमा सुधार गर्ने उदेश्यले वडस्तरिय **स्वस्थ बच्चा** प्रतिस्पर्धा गराई उचित प्रोत्साहन गरिनेछ। साथै **चैत महिनालाई** पुर्ण खोप सुनिश्चित महिनाको रुपमा मनाउने गरी समुदायस्तरमा कार्यक्रम संञ्चालन गरिनेछ।

३.३ **बालमैत्री र पोषणमैत्री गाउँपालिका** घोषणा कार्यक्रममा स्वास्थ्य अन्तर्गत उल्लेखित सूचक हासिल हुनेगरी सुरक्षित मातृत्व सेवा अन्तर्गत गर्भवति तथा सुत्केरी महिलाहरुलाई चरणवद्ध स्वास्थ्य जाँच एवं नवजात शिशुको स्वस्थ्य प्रर्वदनको लागि गर्भवति तथा सुत्केरी महिलाहरुलाई निशुल्क क्याल्सियम चक्कि वितरणलाई निरन्तरता दिईनेछ। साथै नियमित सेवा लिने गर्भवति तथा सुत्केरि महिलालाई प्रोत्साहन प्याकेज सहित थप उत्पेरित गरिनेछ।

३.४ **स्वस्थ गाउँपालका, समृद्धिको आधारलाई** आत्मसाथ गर्दै जन स्वास्थ्य सम्वन्धि सेवालाई वढि प्रभावकारी बनाउन गाउँपालिकाको **दिर्गकालिन जनस्वास्थ्य निति** र विशेष कार्यक्रम मुलक योजना तयार गरि कार्यान्वयन गरिने छ।जनस्वास्थ्य सम्बन्धी प्रशासनिक संयन्त्रलाई विषयका आधारमा वर्गिकरण गरी क्षमता विकास गरिनेछ। आधारभुत स्वास्थ्य सेवालाई निशुल्क बनाईनेछ।

३.५ वडा नं १ र २ का आम जनतालाई स्वास्थ्य सेवामा पहुच अभिवृद्धि गर्न वडा नं २ को **राउतडेमा ५ शैयाको अस्पताल** निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ।

३.६ महिला स्वास्थ्य स्वयमसेविकाले गरेको योगदानको कदर गर्न गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई **सेवा प्रति थप प्रत्साहित** गरिनेछ।

३.७ गाउँपालिकाको एम्बुलेन्सले सेवा प्रदान गर्दै आएको सेवाको प्रभावकारिता अध्ययन गरी एम्बुलेन्स सेवालाई सरल र पहुचयोग्य बनाईनेछ।

३.८ जेष्ठ नागरिक अपाङ्ग तथा महिलको स्वास्थ्यमा सुधार गर्न स्वास्थ्यकर्मी **क्यान्सरको स्क्रिनिङ कार्यक्रम संञ्चालन** गरिनेछ।

३.९ बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा **प्रयोगशाला सहितको** सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

३.१० गुठिचौर गाउँपालिका लाई **पोषणमैत्री गाउँपालिका घोषणा गर्नका** लागि संघीय सरकारबाट प्राप्त विशेष अनुदानका अतिरिक्त स्थानीय तहबाट समेत थप बजेटको व्यवस्था गरि लागु गरिनेछ।

३.११ गुठिचौर गाउँपालिका अन्तर्गतका विपन्न नागरिकहरुलाई उपलब्ध गराउँदै आएको मुटुरोग, सबै प्रकारका क्यान्सर, मृगौला फेल, मेरोदण्ड भाँचिएका, पार्किन्स, दुर्घटनामा परि ठूलो चोटपटक लागेका विपन्न नागरिकहरुको लागि उपलब्ध गराउँदै आएको औषधी उपचार खर्च कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३.१२ गुठिचौर गाउँपालिकाको गाउँपालिका स्तरीय **पोषण पाश्वचित्र तथा स्थिति पत्र तयार** गरिनेछ।

३.१३ बहुक्षेत्रीय पोषण योजनाले तोके अनुसार गाउँपालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको संस्थागत क्षमता विकासमा जोड दिइनेछ।

गुठिचौर गाउँपालिका जुम्ला

३.१४ वडा नं १ को चोत्र र वडा नं २ को मुडुरीमा गाउँघर क्लिनिक सञ्चालनको लागि सम्बन्धित निकायमा दरबन्दी माग गरिने छ। साथै दरबन्दी स्वीकृत नभए सम्मका लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था गरिने छ।

## ४. युवा तथा खेलकुद

४.१ चेतना र जागरणका संवाहक युवाको क्षमता विकासद्वारा उनीहरूमा रहेको सोच, ऊर्जा र साहसलाई भरपुर उपयोग गर्न गाउँपालिका स्तरिय **युवा सम्मेलन** (youth conference) **आयोजना गरिनेछ।**

४.२ गुठिचौर गाउँपालिकाको स्थाई बासि भई विभिन्न सरकारी सेवामा रहेका तथा सेवा निवृत्त अग्रजहरुमा रहेको ज्ञान सिप अनुभवलाई आदान प्रदान गर्न पालिकामा **राष्ट्र सेवक सम्मान कार्यक्रम** संञ्चालन गरिनेछ।

४.३ युवाको क्षमता विकासद्वारा उनीहरूमा रहेको सोच, ऊर्जा र साहसलाई भरपुर उपयोग गरिनेछ।

४.४ युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "**विदेश हैन बिजनेस**" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

४.५ खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने निति अवलम्वन गरिनेछ।

४.६ वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील , लगायतका प्रोत्साहनमुखी कार्यक्रम संगआवद्ध गरिनेछ।

४.७ गाउँपालिका भित्रका युवायुवतीहरुलाई खेलकुद क्षेत्रमा आकर्षण गर्नका लागि गुठिचौर गाउँपालिका स्तरीय **अध्यक्ष कप फुटबल** र पालिका भित्र **उपाध्यक्ष कप भलिवल** प्रतियोगिता आयोजना गरिनेछ।

४.८ गाउँपालिकाको आर्थिक, समाजिक र संस्कृतिक रुपान्तरणमा युवाहरुको सार्थक सहभागिताका लागि युवाहको सुची तयार गरी प्रत्येक वडामा **युवासंग अध्यक्ष कार्यक्रम** संञ्चालन गरिनेछ।

## ५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**५.१ भोकै कोही पर्दैन, भोकले कोही मर्दैन** भन्ने नारालाई साकार पार्न महिला, बालबालिका, विपन्न, वन्चितिकरणमा परेकाहरुलाई संरक्षण सम्वर्द्धन गरिनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**५.२** महिला, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका अति गरिब ,अल्पसंख्यक ,बालबालिका , लागि **उद्यमशिल सम्बन्धी कार्यक्रमहरु** संचालन गरिनेछ।

**५.३** ऐतिहासिक कालदेखि दलित समुदायले , जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई दृघजीवी राख्र**सिप संरक्षण संग्रहालय स्थापना** गरि सञ्चालन गरिनेछ।

**५.४** ज्येष्ठ नागरिक परिचयपत्र वडा स्तरवाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

**५.५ हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान**" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

**५.६** जेष्ठ नागरिकमा रहेको ज्ञान सीप र अनुभवलाई पुस्तान्तरण गर्न वडा स्तरमा **जेष्ठ नागरीक मिलनकेन्द्र** संञ्चालन गरिनेछ।

गुठिचौर गाउँपालिका

५.७ समुदायमा आधारित कार्यक्रमलाई प्रभावकारी एवम परिणाममुखि बनाउन ज्येष्ट नागरिकहरुमा रहेको ज्ञान सिप र अनुभवलाई उपयोग गर्दै सक्रिय जिवनयापनामा सघाउ पुर्याउन **SILVER VOLUNTEER कार्यक्रम** संञ्चालन गरिनेछ। यसका लागि ज्येष्ट नागारिकलाई सम्मान पुर्वक शिक्षा, स्वास्थ्य तथा समुदायमा आधारित विभिन्न काममा संलग्न गराईनेछ।

५.८ गाउँपालिका तथा वडास्तरीय **बाल क्लब संजाललाई** प्रभावकारी रुपमा परिचालन गरिनेछ।

५.९ **बालमैत्री गाउँपालिका घोषणाको** लागि प्रत्येक वर्ष एउटा वडालाई बालमैत्री वडा घोषणा गर्ने नीति अवलम्बन गरिने छ।

५.१० बाल बिवाह मुक्त वडा घोषणाको तयारीका लागि **वडा कार्यालयबाट सिफारिस लिएर मात्र विवाह संस्कार गर्न** आवश्यक व्यवस्था गरिनेछ ।

५.११ गाउँपालिका भित्र रहेका जोखिममा परेका बालबालिकाहरुको समग्र विकासका लागि गाउँपालिकावाट विशेष कार्यक्रम लागु गरिनेछ।

५.१२ महिला सशक्तिकरणका सम्बन्धी नीत तथा कार्यक्रमहरु सञ्चालन गरिने छ।

५.१३ **मागमा आधारीत** लक्षित वर्ग कार्यक्रम संञ्चालन गरिनेछ।

५.१४ **उपाध्यक्ष संग महिल** कार्यक्रम अन्तरर्गत ढाका बुनाई तथा कटाई कार्यक्रम संञ्चालन गरिनेछ।

५.१५ **छाउपडि** मुक्त वडा घोषणाको लागि आवश्यक व्यवस्था गरिनेछ।

## ६. आर्थिक विकास

६.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङखला उत्पादन देखि बजारीकरण सम्मबजारीकरण सम्म (गाउँपालिका निजी क्षेत्र र सहकारी) समेतको सहकार्यमा स्थानीय आर्थिक विकास योजना अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

६.२ गाउँपकालि भित्र उत्पादन हुने **लोकल रक्सिलाई ब्रन्डिङ** गरि विक्रि वितरण गर्न आवश्यक व्यवस्था गरिनेछ।

६.३ **स्थानीय जनताहरुको आय वृद्धिका लागि गाजा खेतिको** सम्भाव्यता अध्यन गरि व्यवस्थित गाजा खेतिको सुरुवात गर्न आवश्यक व्यवस्था गरिनेछ।

६.४ रैथानेबाली संरक्षण तथा बजारिकरणका लागि नीजि, सहकारी तथा समूहहरुलाई आवश्यक समन्वय गरिनेछ।

६.५ स्थानीय स्तरमा उत्पादित बहुमूल्या वस्तु तथा अर्गानी खाद्य परिकारहरु सम्बन्धी राष्ट्रीय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रचार प्रसार गर्नका **आन्तरिक उत्पादनको प्रर्दशनिका लागि** आवश्यक व्यावस्था गरिनेछ।

६.६ गाउँपालिका भित्र विभिन्न व्यावसाय संञ्चालनको लागि स्रोत जुटाउन तथा स्थानय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको लगानिलाई आकर्शित गर्न **लगानि सम्मेलन** गरिनेछ।

६.७ आर्थिक विकास मार्फत **समृद्ध गुठिचौर सुःखारि गुठिचौरको** परिकल्पनालाई साकार पारिनेछ।

६.८ लघु तथा साना उद्योगलाई विशेष प्राथमिकता दिई उद्यमिहरुलाई वाणिज्य कानुन तथा कर सम्बन्धि परामर्श दिन आवश्यक व्यावस्था गरिनेछ। सृर्जनशिल एवं नवप्रवर्तन उद्यम संञ्चालन गर्ने, अधिकतम रोजगारी सृर्जना गर्ने **उद्यमीलाई सम्मान एवं पुरस्कृत गरिनेछ।** गुठिचौर गाउँपालिका वडा नं ३ को सानो गुठिचौरमा औद्योगिक ग्राम निर्माण गर्न आवश्यक पहल गरिनेछ।

६.९ जटिबुटी उत्पादनको लागि सम्भाव्यता अध्ययन गरी व्यावसायिक खेति विस्तार गर्ने निति लिईनेछ।



गुठिचौर गाउँपालिका जुम्ला

## ७. पर्यटन तथा उद्योग

७.१ **आर्थिक समृद्धिमा पर्यटन** भन्ने मुलमन्त्रलाई आत्मसाथ गरी पर्यटन प्रर्वदनको माध्यमवाट स्थानिय जनताको जिनवस्तर उकास्न पर्यटन पुर्वधारको संरक्षण सम्वर्द्धन र विस्तारमा जोड दिईनेछ।

७.२ आन्तरीक तथा वाह्य पर्यटक माझ गुठिचौरलाई चिनाउन गुठिचौर **गाउँपालिकालाई व्रन्डिङ गाउँपालिका** स्थापित गरिनेछ।

७.३ आन्तरीक पर्यटन प्रर्वदन गर्न चिमारा मालिका र आकासे ताल क्षेत्रमा **पैदलयात्रा** (Hiking) **मार्गको** लागि आवश्यक व्यवस्था गरिनेछ।

७.४ गाउँपालिकाले पर्यटकिय स्थलहरुको पहिचान गर्ने र त्यास्ता पर्यटकिय स्थलहरुको प्रचार प्रशार गर्न आवश्यक व्यवस्था गर्नेछ ।

७.५ औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिकाले उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। **औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता** अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

७.६ गाउँपालिका अन्तर्गत उत्पादन हुने स्याउलाई मध्यनजर गरी पालिका स्तरीय स्याउ प्रशोधन केन्द्र स्थापनका लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ।

७.७ पर्यटकीय सडक निर्माण गर्नका लागि सम्भावित जंगल पर्ने क्षेत्रमा सडक विस्तार गर्नुभन्दा पूर्व DPR सहित वातावरणीय प्रभाव मूल्यांकन, प्रारम्भिक वातावरणीय परीक्षण र संक्षिप्त वातावरणी परीक्षण गरिनेछ।

७.८ गुठिचौर गाउँपालिका भित्र पर्यटकीय सम्भावना भएको ठाउँमा पर्यटन प्रवर्द्धन गर्नका लागि होम स्टे सञ्चालनमा जोड दिइनेछ। चोत्र र कोल्तेको होम स्टेलाई निरन्तरता दिईनेछ।

७.९ पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको **पर्यटन गुरुयोजना** बनाइ सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७.१० **गुठीचौर पर्यटकिय** गुरुयोजना कार्यान्वियनमा ल्याईनेछ।

७.११ गुठिचौर गाउँपालिकाको पर्यटकीय स्थल ठाकुर ज्यू, विष्ट ज्यू सम्मको यात्रालाई सहज गनर्का लागि लाग्न ठाकुर ज्यू सडकलाई निरन्तरता दिइनेछ।

७.१२ गुठिचौर गाउँपालिका स्तरीय पर्यटन वोर्ड स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ।

## ८. कृषि तथा पशुपंक्षी

८.१ गुठिचौर गाउँपालिकाको वडा नं १ लाई चौरी र भेडा बाख्रा तथा ओखर पकेट क्षेत्र, वडा नं २ ओखर, आलु र फापर पकेट क्षेत्र, वडा नं ३ लाई भेडा बाख्रा तथा उच्च घनत्व जातको स्याउ पकेट क्षेत्र, वडा नं ४ लाई दुध र स्याउ पकेट क्षेत्र र वडा नं ५ लाई उच्च घनत्व जातको स्याउ र तोरी पकेट क्षेत्रलाई निरन्तरता दिईनेछ।

८.२ **भोकै कोहि पर्दैन, भोकले कोहि मर्दैन** भन्ने नारालाई साकार पार्न आन्तरिक उत्पादन वृद्धि मार्फत कृषकलाई आत्मनिर्भर वनाईने छ।

८.३ गाउँपालिका अन्तर्गत उत्पादन हुने रैथाने बालीहरूको संरक्षण गर्नका लागि खेतीयोग्य जमिनमा घेरावार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८.४ **कृषि उत्पादनमा वृद्धि, गुठिचौरको समृद्धि** भन्ने लक्ष्यलाई साकार पार्न एक समुह एक कृषि उत्पादनको पहिचान बनाउदै उत्पादन साथमा अनुदान हातमा भन्ने निति लिईनेछ।

८.५ **भुमि वैङको** स्थापना गरि कृषि उत्पादन गर्न ईच्छुक ब्यक्ति/समुह/सहकारी/फर्म कम्पनि आदिलाई भुमि वैङ्कको माध्यमबाट जग्गा उपलब्ध गराउन समन्वय गर्ने निति लिईनेछ।

८.६ किसानको समस्याहरु समाधानको लागि प्राविधिक सेवामा पहुँच बढाउन २४ घण्टा भित्र खेतबारीमा सेवा पुर्याउने निति लिईनेछ।

८.७ तिला नदि र अन्य खोलाबाट हुने सिचाई कुलो प्रणालीको संरक्षण तथा सदुपयोगमा जोड दिदै सिचाईको भौतिक संरचना निर्माण गर्ने निति लिईनेछ।

८.८ युवाहरुलाई पशुपालन व्यावसाय तर्फ आकर्षण बढाउन र व्यावसायमा क्षति न्युनिकरणको लागि **कृषक सुरक्षण कोष स्थापना** गरि कोषको माध्यमबाट पशुपन्छी व्यावसायमा हुने क्षति न्युनिकरण गरि आत्मनिर्भर वनाउने निति लिईनेछ ।

८.९ नेपालमा उपलब्ध हुने सम्पुर्ण पशुपन्छीका खोपहरु निःशुल्क रुपमा प्रयोग गरी कृषकलाई पशुपालन व्यावसायमा हुने क्षतिलाई न्युनिकरण गर्ने निति लिईनेछ।

८.१० सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ। **दुग्ध उत्पादक कृषकलाई दुध उत्पादन गरि बिक्री गरिएको प्रमाणका आधारमा प्रोत्साहन उपलब्ध गराईने** छ। गुठिचौर गाउँपकालिकालाई दुध उत्पादनमा आत्मनिर्भर वनाउने निति लिईनेछ।

८.११ कृषि तथा पशुपन्छी व्यावसायिक फर्म तथा संस्थाहरलाई मागमा आधारित प्रविधि हस्तान्तरण गर्ने निति लिईनेछ सथै **अगुवा कृषकलाई सम्मान गर्ने** निति लिईनेछ ।

८.१२ कृषकहरुले चौपायहरुमा गरेको लगानीलाई सुरक्षित गर्न र कृषकहरुलाई व्यवसायिक पशुपन्छिपालनमा आकर्षण गर्न विभिन्न समयमा फैलिन सक्ने **पशुजन्य तथा कृषिजन्य महामारी रोकथाम तथा नियन्त्रण गर्ने** नीतिलाई निरन्तरता दिईनेछ।

८.१३ कृषकहरुले पालन गरेका चौपायहरुको नस्ल सुधार गर्न कृतिम गर्भाधान र पशु आहारा व्यवस्थापनलाई प्रोत्सान गरिनेछ।

८.१४ कर्णाली प्रदेशले अवलम्बन गरेको प्राङ्गारिक प्रदेश घोषणा गर्ने नीतिलाई कार्यान्वयन गर्न यस गाउँपालिका अन्तर्गतका खेत तथा करेसाबारीहरुमा प्रयोग हुने व्यूटाकुलर विषादी पूर्णरुपमा निषेधित गरिनेछ।

८.१५ स्थानीय रैथानेबाली संरक्षणका लागि यस गाउँपालिकाले कार्यन्वयनमा ल्याएको नरालो व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८.१६ गुठिचौर गाउँपालिका अन्तर्गतको वडा नं ३, ४ र ५ मा उत्पादित काली मार्सी धानको उत्पादनलाई वृद्धि तथा प्रोत्साहन गर्न मार्सी धान रोपाइ महोत्सव गर्न आवश्यक व्यवस्था गरिनेछ।

८.१७ यस गाउँपालिका अन्तर्गतको जमिनलाई भू वर्गीकरण गरिन्छ।

**९. सहकारी**

९.१ सहकारी तथा समूहहरुको व्यावसायिक क्षमता विकासका लागि आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९.२ प्रचपलित ऐन, कानुन तथा विनियमको परिपालना नगर्ने सहकारी संस्थाहरुलाई नियमानुसार जरिवाना गर्ने र **उत्कृष्ट कार्य गरेका वा नमुना सहकारी संस्था छनौट गरी पुरस्कृत गर्ने** ब्यावस्था मिलाईनेछ।

९.३ पालिका क्षेत्र भित्र स्थापना हुने कृषि समुह, निजिफर्म र सहकारीहरुको दर्ता कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित गरिदै लिने नीति अबलम्बन गरिने छ।

९.४ गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

९.५ सहकारी मार्फत उद्यमशिलताको विकास गर्न, युवा तथा उद्यमीहरुलाई नविन व्यावसाय सुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तिय पहुच सहजिकरण, सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने निति लिईनेछ ।

९.६ उद्यमति महिला संग उपाध्यक्ष कार्यक्रम अन्तरर्गत **उत्कृष्ट महिला उद्यमिलाई सम्मान गरिनेछ** । सथै महिला स्वरोजगार कार्यक्रम संञ्चालन गरिनेछ ।

**१०. सूचना तथा संचार**

१०.१ गाउँपालिकालाई **सूचना प्रविधि मैत्री स्थानीय तहको** रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ।

१०.२ गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सेवाग्राही मैत्री बनाउन **डिजिटल नागरिक वडापत्र** र गाउँपालिकाबाट दिइने **सेवालाई अनलाइन प्रणालीमा लैजाने नीतिलाई** निरन्तरता दिईनेछ ।

१०.३ गुठिचौर गाउँपालिकालाई **स्मार्ट गाउँपालिकाको रुपमा** विकाश गर्न आवश्यक पुर्वाधार तयार गरिनेछ ।

१०.४ गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सुचना तथा संञ्चार प्रविधिको उच्चतम उपयोग गरि पारदर्शि र व्यवस्थित गरिनेछ।

१०.५ रेडियो गुठिचौरलाई सहकारी तथा अन्य सुचना संञ्चार प्रविधि सेवाप्रदायक संस्थाहरुलाई हस्तान्तरण गर्न आवश्यक प्रकृया अवलम्वन गरिनेछ ।

१०.६ सेवा प्रवाहमा सूचना तथा संञ्चार प्रविधिको प्रयोगलाई अभिवृद्धि गरि **ई- गभर्नेन्सलाई क्रमश सबै सेवामा प्रयोग गर्दै** जाने नीति अवलम्बन गरिने छ।

१०.७ सवारी साधनको समुचित व्यवस्थापन गर्न गुठिचौर गाउँपालिकाको स्वामित्वमा रहेका सबै सवारी **साधनहरुमा GPS जडान** गरिनेछ।

१०.८ गाउँपालिका संग सम्बन्धित प्रमुख सवालहरुमा अन्तर्क्रिया गर्न रेडियो गुठिचौरबाट **गुठिचौर संवाद कार्यक्रम** संञ्चालन गरिनेछ।

१०.९ गाउपालिकाको **डिजिटल प्रोफाईल, पालिकाको भौगोलिक नक्सांकन** प्रणालीलाई डिजिटल प्रविधिमा लिन आवश्यक व्यवस्था गरिनेछ ।

**११. न्याय कानून तथा मानव ,अधिकार प्रवर्द्धन र सार्वजनिक सम्पति संरक्षण**

११.१ न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनी प्रबन्ध मिलाइनेछ।

११.२ न्यायीक समितिलाई थप सक्षम वनाईनेछ, **ईजलास कक्षाको व्यवस्था गर्न आवश्यक व्यवस्था** गरिनेछ ।

११.३ न्यायिक सचेतनन कार्यक्रम संञ्चालन गरि गाउँगाउँमै मेलमिलाप कर्ताको विकास गरि शान्ति तथा अमनचयनको वातावरण तयार गरिनेछ।

११.४ गाउँपालिकाको जिन्सि अभिलेखमा रहेका सामानहरुको सुरक्षित भण्डारण तथा लिलाम गर्नुपर्ने जस्ता **जिन्सी माल सामानको लिलाम गर्ने** र उचित भण्डार गर्ने व्यावस्था गरिनेछ।

११.५ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलि २०६४ अनुसार एकिकृत खरिद योजना तथा खरिद गुरु योजना बनाई जिन्सि व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

११.६ न्यायिस समितिबाट सम्पादन गरिने कार्यहरुलाई छिटो, छरितो, प्रभावकारी र गुणस्तरयुक्त बनाउनका लागि गाउँपालिकाको न्यायिक समितिलाई क्रियासिल बनाइनेछ।

११.७ गाउँपालिकाको न्यायिक समिति र वडास्तरीय मेलमिलाप समितिबाट सम्पादन हुने कार्यहरुको मासिक प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था गरिनेछ।

गुठिचौर गाउँपालिका जुम्ला

११.८ स्थानिय कानुनको विषयमा आम जनसमुदायलाई जानकारी गराउन स्थानिय कानुन, मौलिक हक र मानव अधिकार सम्बन्धि **सचेताना कार्यक्रमलाई निरन्तरता** दिईनेछ।

११.९ गाउँपकालिकाको न्यायिक समिति मार्फत गर्नुपर्ने न्याय सम्पादन सम्बन्धी कार्यमा सहजता ल्याउन न्यायिक समितिको भुमिकालाई थप प्रभावकारी बनाउदै उजुरी/ विवाद समयमै निरुपण गरी पिडिलाई न्यायको प्रत्याभूति दिलाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ। न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई थप प्रविधिमैत्री बनाईनेछ। सबै वडामा मेलमिलाप कर्ताको भुमिकालाई थप सशक्त र प्रभावकारी बनाईनेछ ।

**१२. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास**

१२.१ गुठिचौर गाउँपालिकाले देश भित्रका स्थानिय तह र देश बाहिरका स्थानिय तहसंग **भागिनि सम्बन्ध कायम गर्ने** निति अख्तियार गर्नेछ।

१२.२ विधिको शासन, पारदर्शिता, उत्तरदायित्व नतिजामुखि व्यवास्थापना, जवाफदेहिता जस्ता सुशासनका मुलभुत मान्यतालाई दृढताकासाथ अवलम्बन गरि **सार्वजनिक सेवामा समतामुलक पहुच** सुनिश्चि गरिनेछ।

१२.३ गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने सम्पूर्ण सार्वजनिक स्थलहरुमा **गुनासो पेटिका अनिवार्य राख्नुपर्ने** नीति लिइनेछ।

१२.४ गाउँपालिकावाट तलव भत्ता प्राप्त गर्ने सवै कर्मचारिले गाउपालिका भित्रका सामुदायिक विद्यालयमा वर्षमा **कम्तिमा २ पटक अथित शिक्षक (Guest Teacher)** भई कक्षा लिनु पर्ने निति अवलम्बन गरिने छ।

१२.५ पालिकामा कार्यरत कर्मचारिको **क्षमता विकास गर्न तालिम प्रदायक सार्वजनकि संस्था संग** समन्वय गरि क्षमता विकास तालिम संञ्चनलन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१२.६ गाउपालिकाकाट प्रवाह हुने सेवालाई अझ बढि जनउत्तरदायी, पारदर्शी र जवाफदेहि बनाउन **भष्ट्राचारमा शुन्य सहनशिलतालाई** निरन्तरता दिईनेछ।

१२.७ गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका **विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने** नीति अवलम्बन गरिनेछ ।

१२.८ कर्मचारीको कार्य सम्पादन मुल्यांकन प्रकृयालाई सूचकमा आधारित बनाईनेछ र उत्कृष्ट कर्मचारिहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

१२.९ पालिकाको सम्पुर्ण कर्मचारिहरुको दरवन्दीको वैज्ञानिक रुपमा उचित रुपले व्यावस्थापन गरी उनिहरुको कार्य सम्पादन सम्झौता र कार्य विवरण सहित संगठन संरचना (O&M) तयार पारिनेछ ।

१२.१० कानुनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरुलाई आफ्नो काम र जिम्मेवारी प्रति जवाफदेहि पारदर्शि बनाईनेछ।

१२.११ सार्वजनिक सेवालाई छीटो छरीतो र प्रभावकारी बनाउन हरेक शाखा, वडा, स्वास्थ्य चौकि प्रमुखसंग **कार्यसम्पादन करार सम्झौता** गरि यसलाई **वृति विकाससंग आवद्ध** गरिनेछ।

१२.१२ यस गाउपालिकामा समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण गर्दै प्रभावकरी वनाईनेछ।

१२.१३ अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा तह अनुरुप **एकरुपता ल्याईनेछ** ।

१२.१४ कर्मचारीहरूको क्षमता र दक्षताको आधारमा जिम्मेवारी दिन आन्तरिक सरूवा प्रणाली अवलम्बन गरिनेछ

१२.१५ आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न सम्वद्ध निकायको उपस्थितिमा नियमित रुपमा बजार अनुगमन गर्ने व्यवस्था गरिनेछ यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२.१६ सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEFT) पद्धति प्रयोगमा ल्याइने छ।

गुठिचौर गाउँपालिका जुम्ला

१२.१७स्थानीय तहमा लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको सेवा अवधि पूरा भई अवकास हुँदा प्राप्त गर्ने रकमको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ को उपदफा २ र निवृत्त भरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ दफा १० को उपदफा १ मा भएको व्यवस्था बमोजिम यस गुठिचौर गाउँपालिकामा कार्यरत कर्मचारीहरुको लागि आवश्यक योगदानमा आधारित निवृत्त भरणका लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

१२.१८जन प्रतिनिधि र कर्मचारीहरुको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनःर्ताजकि तालिम संञ्चालन गर्ने निति अख्तियार गरिनेछ।

१२.१९नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई थप प्रभावकारी बनाउन गाउँपालिकाका विभागीय प्रमुख, आयोजना प्रमुख र एकाई प्रमुखहरुसंग **कार्यसम्पादन सम्झौता** गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।साथै **वार्षिक कार्ययोजनालाई कार्यसम्पादन** सम्झौतासंग आबद्ध गरिनेछ ।

१२.२०गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीकरुको ज्ञान र अनुभमा आधारीत भई कार्यमुलक अनुसन्धान गर्ने कार्यक्रम संञ्चालन गरिनेछ। साथै वार्षिक रुपमा **गुठिचौर जर्नल प्रकाशन** गरिनेछ।

## १३. खानेपानी तथा सरसफाई

१३.१ जनताको स्वच्छ खानेपानीको अधिकार सुनिश्चित गर्न सञ्चालनमा रहेका खानेपानीका योजनाहरुको मर्मत सम्भार गर्ने र नयाँ खानेपानी आयोजनाको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

१३.२ गाउँपालिका क्षेत्रभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरि गाउँपालिका वासिलाई स्वच्छ खानेपानी उपलब्ध गराईनेछ । यसका लागि परम्परागत पानिको स्रोतको संरक्षण सवर्दन र प्रर्वदन गर्न समन्वय गरिनेछ । साथै गाउँपालिकाको सुख्खा क्षेत्रमा पानी वितरण गर्ने स्थानिय स्तरका उपभोक्ता समिति संग सहकार्य गरी पानीमा पहुँच वृद्धि गरिनेछ । गाउँपालिकालाई पुर्ण सरसफाईतर्फ उन्मुख गरिनेछ ।

१३.३ जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरूजलाधार र , सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै उक्त श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

१३.४ **वाटर रिचार्ज गुठिचौर अभियन** संञ्चालन गरि गाउँपालिकाका ५ वटै वडामा मागमा आधारित खानेपानि सेवा विस्तार गरिनेछ ।

१३.५ गाउँपालिका भित्र उत्पादन हुने फोहोर व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइटको लागि सम्भाव्यता अध्यायन गरि कार्यान्वयनमा ल्याइने छ।

१३.६ **स्वच्छ हावा स्वस्थ जिवन** लाई साकार पार्न फोहोरमैला व्यवस्थापन वायु प्रदुशण नियन्त्रण हरियालि प्रर्वदन, सतह ढल ब्यावस्थापनमा प्रभावकारीता हासिल गर्न तथा आधुनिक प्रविधिको उपयोग गर्नका लागि निजि क्षेत्रसंग सहकार्य गरिनेछ।

१३.७ **3R** को सिद्धान्त अनुरुप फोहोरको न्युनीकरण पुन:प्रयोग र प्रशोधन गर्न स्रोतमै फोहरको वर्गिकरण गर्न आवश्यक व्यवस्था गरिनेछ।

१३.८ **Mediwest लाई** व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

## १४. वातावरणजलवायु परिवर्तन ,तथा विपद् व्यवस्थापन

१४.१ हरियालि प्रर्वदन गर्न दानसागु छिग्डि गाउँपालिकाका सम्मको सडकलाई हरित सडकमा रुपान्तरण गरि गाउँपालिकाको प्रमुख प्रशासकिय केन्द्रलाई **हरित मैत्री केन्द्रको** रुपमा रुपान्तरण गरिने छ।

१४.२ गुठिचौर गाउँपालिकाको पुर्वाधार विकास प्रक्रियामा **विपद जोखिम न्यूनीकरणका** आवधारणहरुलाई पालना गरिनेछ।

१४.३ सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राखे कार्यको शुरुवात गरिनेछ।

१४.४ विषद व्यावस्थापनलाई समयमै यथोचित सम्बोधनका लागि गाउँपालिका क्षेत्रको **जोखिम नक्साङ्कन (Hazard Mapping)** समेत गरी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गरिनेछ।

१४.५ विपद जोखिम व्यवस्थापनका सम्बन्धमा तर्जुमा गरिएका कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्दै **गुठिचौरलाई विपद जोखिममुक्त सुरक्षति गाउँपालिका** बनाउन जनचेतना अभिवृद्धि गरिनेछ। सम्भावित जोखिमयुक्त स्थानमा जोखिम नक्सांकन गरी विपद हुन नदिन पुर्व तयारी र **विपद अनुकुल कार्यक्रम** संञ्चालन गरिनेछ।

१४.६ गाउँपालिका क्षेत्रमा रहेका जंगलहरुको संरक्षण, विकास र उपयोगको **कार्ययोजना निर्माण** गरिनेछ। सो कार्यका लागि डिभिजन वन कार्यालय, वन उपभोक्ता महासंघ, सम्वन्धित वन उपभोक्ता समुह र स्थानीयबिच आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१४.७ पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि **प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन** गरिनेछ।

१४.८ ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ साथै तिला नदि तथा वाविला खोलामा गिट्टि वालुवाको लागि ठेक्का प्रकृयाको लागि आवश्यक व्यवस्था गरिनेछ।

१४.९ प्राकृतिक प्रकोप तथा विपद्बाट भएको क्षतिका आधारमा यस गुठिचौर गाउँपालिका अन्तर्गतका पिडित व्यक्तिहरुलाई आवश्यक **राहात उपलब्ध** गराइनेछ।

१४.१० विपद व्यावस्थापन कोषमा **ईच्छुक सर्वसाधारको समेत योगदानलाई प्रोत्साहन गर्ने** नीति लिईनेछ।

१४.११ विपद तथा जोखिम आवस्थामा आई पर्ने तत्कालिन समस्याहरुको समधानका लागि पहिचान भईसकेका तथा **सम्भाव्य अस्थाई आश्रय स्थलहरुको संरक्षण तथा विकास** गरिनेछ।

१४.१२ गुठिचौर गाउँपालिका क्षेत्र अन्तर्गत विभिन्न विपदजन्य घटनामा भएको क्षतिको एकीन गरि पिडिलाई राहात उपलब्ध बनाउ **विपद् राहात मापदण्ड** बनाइ कार्यान्वयन गरिनेछ।

१४.१३ गाउँपालिका अन्तर्गतका सामुदायिक र राष्ट्रीय वनको संरक्षणको नीति अवलम्बन गरिनेछ र सामुदायिक वनहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरि **राजश्वको दायरामा ल्याइनेछ।**

## १५. भौतिक पूर्वाधार विकास (वस्ति विकास आवास ,तथा पूर्वाधार)

१५.१ पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागतलाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल - ,दिने **समतामुलक विकासको आधारको रुपमा रहने** पिछडिएका र कम विकसित क्षेत्रलाई मूल , “ प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **आयोजना बैंक”** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ।

१५.२ पुर्ण विद्युतिकरण कार्यक्रम मार्फत सम्पुर्ण विद्युतिकरणको कार्य पुरा गरिनेछ।

१५.३ **उज्यालो टोल, उज्यालो वस्ति, उज्यालो वडा र उज्यालो गाउँपालिका** अभियान अन्तर्गत LED FLOOD LIGHT जडान गरिनेछ।

१५.४ गाउँपालिकाका मुख्य वस्ति क्षेत्रहरुमा **सौर्यवत्ति तथा विजुलि वत्ति जडान** गरिनेछ।

१५.५ जतातते सडकको ट्रयाक खोलि वातावरण विनास गर्ने कार्यलाई निरुत्साहित गर्न **गाउँपालिकाको यातायात गुरुयोजना** तयार गरिनेछ।

१५.६ गाउँपालिका भित्र **स्थानीय जनताको लागत सहभागिता रहने पुर्वाधार निर्माणका कार्यक्रलाई** प्राथमिकता दिईनेछ।

१५.७ गाउँपालिका अन्तर्गतका **वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा लागि** आवश्यक जग्गा प्राप्ति र भवन निर्माणका लागि बजेटको व्यवस्था गरिनेछ।

१५.८ गाउँपालिका अन्तर्गत निर्माण हुने व्यक्तिगत तथा सार्वजनिक भवन निर्माणका लागि **घर जग्गा नक्सा पास प्रणालीलाई** निरन्तरता दिईनेछ।

१५.९ गाउँपालिका भित्रका सडक खाल्टा खुल्टि नियमित मर्मत संभार गर्ने निति अख्तियार गरिनेछ ।

१५.१० गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

१५.११ पूर्वाधार निर्माण तथा सञ्चालनमा **निजीक्षेत्र संग साझेदारी गर्ने र वैदेशिक लगानिलाई आकर्शित गर्ने** निति अबलम्वन गरिनेछ।

१५.१२ गाउँपालिका अन्तर्गत उत्पादित साना लघु जलविद्युत आयोजनाहरू एकीकृत गरी **पालिका स्तरीय विद्युत विकास समिति गठन गरि** कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

१५.१३ टोलको विकास नै वडाको विकास, वडाको विकास नै गाउँपालकाको विकास भएकोले समृद्ध गाउँलिका निर्माण गर्न **आफ्नो टोल आफै वनाउ** भन्ने भावनाको विकास गरिनेछ।

१५.१४ आवधिक योजना विकास गर्नका लागि गाउँपालिका स्तरीय **आवधिक योजना (Rural Municipality Periodic Plan ) तर्जुमा** गर्न आवश्यक व्यावस्था गरिनेछ।

१५.१५ स-साना त्रुटिहरु भएका र थौरै लगानीबाट मर्मत गर्न सकिने पुर्वाधारहरुलाई **तुरुन्तै मर्मत गरिने On side look on the spot treatment** को नीति अख्तियार गरिनेछ।

१५.१६ **तथ्यमा आधारित निति तर्जुमा** (Evidence based policy making) गर्न **अध्यक्ष रिसर्च फेलोसिप** कार्यक्रम अन्तर्गत गाउँपालिकाका विविध विषयहरुमा शोध गर्न आवश्यका व्यवस्था गरिनेछ। यसका लागि शौक्षिक संस्थाहरुसंग सहकार्य गरिनेछ।

१५.१७ अनुगमन प्रयोजनका लागि सूचक सहितको **अनुगमन फारम**(Format of Evaluation) **तयार** गरिनेछ।

## १६. राजस्व तथा वित्त व्यावस्थापन

१६.१ गुठिचौर गाउँपालिका क्षेत्र भित्रका सबै करदाताको **एकीकृत तथ्याङ्क संकलन गरि डाटा बैक** तयार गरिनेछ।

१६.२ गाउँपालिकाले प्रवाह गर्ने सेवासंग सम्पति कर, वहाल कर, व्यावसाय कर र विज्ञापन करलाई एकिकृत रुपमा आवद्ध गरि राजश्व संकलन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।साथै राजश्व संकलन प्रणालीलाई **आनलाईन प्रणालीमा आवद्ध गर्न** आवश्यक व्यवस्था गरिनेछ ।

१६.३ गुठिचौर गाउँपालकाको आन्तरिक श्रोत साधनको प्रभाकारी परिचालन गर्न प्रगतिशिल कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा विस्तार, करको दर पुनरावलोकन, करको क्षेत्र विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी वनाईनेछ।

१६.४ करदातालाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागि गराउदै समग्र राजश्व प्रशासनलाई करदातामैत्री बनाईनेछ ।कर तथा गैर कर राजश्व अनुगमन कार्यलाई कडाईका साथ लागु गर्ने **विशेष अनुगमन टोली गठन** गरि परिचालन गरिनेछ।

१६.५ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरिक्षण र कर परिक्षण कार्यलाई निरन्तरता दिईनेछ।

१६.६ श्रोत परिचालनका लागि स्थानीय तहहरु तथा सार्वजनिक निकायहरुसँग सहकार्य गरी **सामुहिक प्रयासको लागि संस्थागत प्रवन्ध** मिलाईनेछ।

१६.७ **हाम्रो कर, हाम्रै विकासको भर** भन्ने नारा सहित चालु आर्थिक वर्षमा **व्यावसाय दर्ता अभियान** संचालन गरिनेछ।

१६.८ राजश्व प्रशासनलाई थप प्रभावकारी बनाउन क्षमता विकासमा जोड दिईनेछ । करदातामैत्री एवं प्रविधिमैत्री कर प्रशासन, **उत्कृष्ट करदातालाई सम्मान** गरिनेछ।

१६.९ गाउँपालिकामा संचालित लेख प्रणाली **(सुत्र) मा राजश्वलाई समावेश** गरी स्थानिय राजश्व व्यावस्थापन सुचना प्रणाली लागु गरिनेछ।

१६.१० करको संभावित नया क्षेत्रको पहिचान गरि सवै व्यक्ति र संस्थालाई करको दायरामा ल्याईनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत निति तथा कार्यक्रममा सहयोग पुर्याउने स्थानिय रजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा सदस्यहरु, गाउँपाकार्यपालिका सदस्यहरु, गाउँसभाका सदस्यहरु तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस वर्षको निति तथा कार्यक्रमको तर्जुमाको क्रममा आ-आफ्नो तर्फबाट सुझाब दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजि क्षेत्रका संघ संगठन, समुदायिक संघ संगठन, पत्रकार लागाएत आम नागरिकहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यो निति तथा कार्यक्रम निर्माणको क्रममा निरन्तर रुपमा खटेर सहयोग गर्नुहुने सम्पुर्ण कर्मचारिहरुलाई हार्दिका धन्यवाद ज्ञापन गर्दछु ।

संविधानको भाग १७, १८ र १९ तथा अनुसूची ८ मा भएको संवैधानिक व्यावस्था अनुरुप स्थानीय तहको सरकारको निति नियम बनाउने, योजना तर्जुमा गर्ने, एवं बजेट व्यवस्था गर्ने जिम्मेवारी हामी स्थानिय तहको सरकारलाई रहेको छ । संविधानले निर्दिष्ट गरेअनुरुपको कार्य गर्ने हाम्रो दायित्व हो। सम्पुर्ण गुठिचौर गाउँपालिका बासीमा सुशासनको प्रत्याभुति गराउने, विकास र समृद्धिको लागि योजनाबद्ध ढंगले अगाडी वढि नमुना र समृद्ध गुठिचौर गाउँपालिका बनाउने हाम्रो दृढ संकल्प अठोट छ ।

गुठिचौर गाउँपालिकाको सार्वभौम यस गाउँसभामा पेश भएको आर्थिक बर्ष २०८१/८२ को निति तथा कार्यक्रमले रोजगारी सिर्जना एवं उद्यमशिलता प्रर्वद्धन, सबै किसिमका विभेद र असमानताको अन्त्य, वातावरण मैत्री विकासमा जोड, सुरक्षित एवं व्यवस्थित गाउँपालिकाको विकास एंव हालसम्म हासिल गरेका उपलब्धिहरुलाई संस्थागत गर्दै दिगो विकास व्यवस्थित गाउँपालिका, स्वाच्छ समृद्ध गुठिचौर निर्माण गर्ने अठोट लिएको छ ।

अन्त्यमा यस निति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै पक्षको साथ र सहयोग अपरिहार्य छ । यसका लागि नेपाल सरकार तथा प्रदेश सरकार, गाउँपाकालिमा क्रियमशिल राजनीतिक दल, निजि क्षेत्र, नागरिक समाज, संञ्चार माध्याम, बुद्धिजीवी, गैर सरकारी संघसंस्था, आम गाउँपालिकाबासिको एक्यवद्धताको अपेक्षा गरेको छु। नीति तथा कार्यक्रमको निर्माण एवं गुठिचौर गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउनुहुने गाउँपालिका

गुठिचौर गाउँपालिका जुम्ला

बासि दिदि बहिनी, दाजु भाई, राजनीतिक दल, निजि क्षेत्र, नागरिक समाज, बुद्धी जिवि, संञ्चार माध्याम लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवाद! नमस्कार ।

गुठिचौर गाउँपालिका जुम्ला